लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु विकास शाखा
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

☎०३३:- ५६०१३८कार्यालय
५६०१३९प्रशासन
५६०३७०राजस्व
५६०१३७फ्याक्स

E-mail :-pashubikashlhn@gmail.com

पत्र संख्या:- २०८२।०८३
चलानी नं.:- ४३

मिति:- २०८२।०६।१९

**गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि संक्षिप्त व्यावसायिक कार्ययोजना अव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१९)

लहान नगरपालिका पशु विकाश शाखाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाई/भैंसी प्रवर्द्धन कार्यक्रमको माध्यमबाट स्वरोजगर श्रृजना गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक गाई/भैंसी **पालक कृषक समूहबाट दरखास्त** आव्हानको **लागि यो** सूचना प्रकाशित गरिएको छ । प्रस्तावक समूहले यो **सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध** (१५) दिनभित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको आवेदन सम्बन्धित पशु विकाश शाखामा दर्ता गर्नु पर्नेछ । साथै विगत दुई आर्थिक वर्षसम्मको साविकको कार्यालयबाट गाई/भैंसी पालन सम्बन्धित कुनै पनि नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका **समूहहरु छनौट** प्रकृयामा समावेश हुने छैनन् । विदेशबाट फर्केका युवाहरुलाइ विशेष ग्राह्यता दिइने छ ।

दरखास्त पेश गर्न तपसिलका कागजातहरु बुझाउनु पर्नेछ :

१. रुपैयाँ दशको हुलाक टिकट टाँस गरेको अनुसूची-२ अनुसारको आवेदन **पत्र,**

२. अनुसूची-३ अनुसारको संक्षिप्त व्यावसायिक कार्ययोजना,

३. नेपाली नागरिकता **प्रमाण पत्रको प्रतिलिपी,**

४. **अन्य प्रमाणित प्रमाणहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता** पत्र आदि) को **प्रतिलिपीहरु**

५. **समूह सर्म्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,**

६. बैदेशिक रोजगारबाट फर्केका कृषकको हकमा पासपोर्टको प्रतिलिपी,

७. **समूहमा आवद्व कुनै सदस्य विपन्न भएमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस पत्र,**

८. **कार्यक्रम सञ्चालन गर्ने स्थलको फोटो,**

९. साझेदार संस्थाले प्रत्येक समूह सदस्यको छुट्टाछुट्टै कार्ययोजना संकलन गरी सो को कम्पाइलेशन एकमुष्ठ रुपमा पेश गर्नु पर्नेछ ।

रामकृष्ण यादव
पशु विकास अधिकृत